# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०७९।०३।२८ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

श्री पिपरहवा माध्यमिक विद्यालय पिपरहवा, रुपन्देहीका तत्कालीन शिक्षक अमरनाथ मिश्रले उक्त विद्यालयमा माध्यमिक तह अस्थायी राहत कोटाको गणित विषय अध्यापनको लागि पेश गरेको माध्यमिक तह अध्यापन अनुमतिपत्र नक्कली भएको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा अस्थायी शिक्षक अमरनाथ मिश्रले श्री पिपरहवा माध्यमिक विद्यालय, रुपन्देहीमा माध्यमिक तहको राहत दरवन्दीमा अस्थायी शिक्षकको रुपमा मिति २०६६।०१।२० गतेदेखि २०७१।१०।०३ गतेसम्म अध्यापन गर्दा झुट्टा तथा नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी माध्यमिक तहको राहत शिक्षकमा नियुक्ति लिई लाभ लिएको देखिएको हुँदा निजले गरेको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा अनुसारको कसुर (१) भएकोले निज अमरनाथ मिश्रउपर सोही कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा बमोजिम कैद र जरिवाना (१)को सजाय हुन मागदावी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ ।

प्रवक्ता<br>
श्याम प्रसाद भण्डारी